
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २८ गते सोमबार ❑ 12 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## जनप्रिय क्याम्पसलाई जग्गा उपलब्ध गराउन पहल गर्नेछु : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले जनप्रिय बहुमुखी क्याम्पसको भौतिक पूर्वाधारका लागि आवश्यक जग्गा उपलब्ध गराउन पहल गर्ने बताए ।

क्याम्पसद्वारा आइतबार आयोजित स्वागत सम्मान कार्यक्रममा बोल्दै थापाले भने, 'आफ्नै वडामा रहेको गुणस्तरीय र व्यावसायिक शिक्षा प्रदान गर्दै आएको क्याम्पसको सिनेटरका हैषियतले पनि आवश्यक जग्गा उपलब्ध गराउँछु । पदमा भए पनि नभएपनि क्याम्पसलाई सहयोग गुर्न मेरो दायित्व हो ।' उनले स्थानीय र प्रदेश सरकारसँग समन्वय गरी संघ सरकारको क्याबिनेटसम्म पहल गर्ने बताए । क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्र नारायण विजुक्छेले मन्त्री थापालाई स्वागत सम्मान गर्दै समुदायस्तरबाट स्थापना भएको क्याम्पस राष्ट्रिय स्तरको बनेको छ। तर विद्यार्थीको चापसँगै पूर्वाधार विकास र जग्गा अभावको समस्या रहेको ध्यानाकर्षण गराए ।



पूर्व कार्यवाहाक अध्यक्ष परशुराम बरालले क्याम्पसको ३३ वर्षको सकारात्मक परिणामको चर्चा गर्दै निर्वाहमुखी व्यवस्थापनले बदलिँदो समयमा क्याम्पस सञ्चालनका लागि जग्गा र भौतिक पूर्वाधार आवश्यक भएकाले व्यवहारिक रूपमा हेरिदिन आग्रह गरे ।

निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले जानकारी दिँदै भने, प्रातः र दिवा सत्रका १३ वटा शैक्षिक कार्यक्रममा ५ हजार बढी विद्यार्थीको आबद्धता रहेको छ । देशभरिका १ हजार ९६ सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट सर्वोकृष्ट क्याम्पसको पुरस्कार पाएको छ । विश्वविद्यालय अनुदान आयोगको छनौटमा परी दुई पटक गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा अब्बल ठहरिएको छ । खड्काले स्वायत्त कार्यक्रम सञ्चालन गरी मानित विश्वविद्यालय बन्ने प्रक्रियामा क्याम्पस अगाडि बढेको हुँदा प्रदेश सरकारको सहयोग रहेमा चाहे जस्तो जनशक्ति उत्पादन गर्न सक्षम भएको दाबी गरे । उपप्रशासक एकनारायण अर्यालले नेपालमै पहिलो पटक पर्यटनको राजधानी पोखरामा स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन (विएमटिम) विषय पढाइ भएकाले बजारलाई चाहिने जनशक्ति उत्पादन र प्राविधिक शिक्षामा क्याम्पस प्रतिवद्ध रहेको बताए ।

## आदिवासी जनजातिका भाषा संस्कृति, देशको सम्पत्तिः प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले आदिवासी जनजातिका भाषा र संस्कृति देशको सम्पत्ति रहेको बताउनुभएको छ ।

उहाँले आदिवासी जनजाति पत्रकारहरूले आफ्नो भाषा, संस्कृति, रहनसहनलाई जीवन्त राखिरहन आफ्नो मातृभाषामासमेत पत्रकारिता गर्न आवश्यक रहेकोमा जोड दिनुभयो । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेश समिति र कास्की समितिले आइतबार पोखरामा आयोजना गरेको पत्रकार सम्मान कार्यक्रममा उहाँले सञ्चार क्षेत्र समावेशी हुन आवश्यक रहेको उल्लेख गर्नुभयो । पत्रकारिता पेसामा हरेक समुदायका व्यक्तिको बराबरको सहभागिता गराउनु जरुरी रहेको उहाँले बताउनुभयो । 'महिला, आदिवासी जनजाति, मधेसी, दलित, थारु, मुस्लिम तथा पछाडि परेका अल्पसंख्यक



लोपोन्मुख जाति समुदाय, क्षेत्र, लिंगबाट प्रतिनिधित्व गर्ने पत्रकारहरु राज्यको विभिन्न अंगमा बढी सहभागिताको खाँचो छ ।' - प्रदेश प्रमुख भट्टले भन्नुभयो ।

फोनिज सम्बद्ध पत्रकारहरुले आफ्नो क्षमता अभिवृद्धि गर्दै आदिवासी जनजातिका मुद्दा, संस्कार संस्कृति, परम्परा, रैथाने प्रविधि र भाषाका विकास र अधिकारका मुद्दामा निर्भीकतापूर्वक कलम चलाउन सक्ने नेतृत्व निर्माण गर्न सकोस् भन्ने अपेक्षा पनि उहाँले गर्नुभयो । उहाँले पत्रकारिता क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाउनुपनमा जोड दिँदै पत्रकारिता क्षेत्रमा लागेर अझै पनि बाँच्न सक्ने स्थिति नहुनु दुःखदायी अवस्था रहेको उल्लेख गर्नुभयो । नेपाली सञ्चार क्षेत्रका समस्या समाधानका लागि सरोकार पक्षसँग व्यापक सहकार्य गर्ने वातावरण बनोस् भन्ने शुभेच्छा पनि राख्नुभयो । उहाँले भन्नुभयो - 'नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरिएको छ । लोकतन्त्र, गणतन्त्र स्थापना एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि अग्रज पत्रकार तथा पत्रकारिता जगतले खेलेको भूमिका अविस्मरणीय रहेको कुरा म स्मरण गर्दछु।'

आफूपनि पत्रकारिता क्षेत्रमा संलग्न रही नजिकबाट चिन्न पाएको स्मरण गर्दै प्रदेश प्रमुख भट्टले २०३८ सालमा सुदूर पश्चिमको पहिलो पत्रिका भीम सन्देश त्रैमासिकको संस्थापक सम्पादक भएर पत्रकारिताको अनुभव बटुलेको उल्लेख गर्नुभयो ।

फोनिज स्थापनाको २५ वर्ष पूरा गरी २६ औं वर्ष प्रवेशको अवसरमा वर्षभर विविध कार्यक्रम गरी रजत जयन्ती मनाइरहेकोमा उहाँले शुभकामना पनि व्यक्त गर्नुभयो । उक्त अवसरमा कास्कीका पत्रकार दीपेन्द्र श्रेष्ठ र नवलपुरकी पत्रकार कमला राना मगरलाई कञ्चन पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो । फोनिज गण्डकीका अध्यक्षत रूद्र श्रीष मगरको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## गण्डकीमा शनिबारसम्म एक हजार तीन सय ६९ जनामा डेङ्गु पुष्टि

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

गण्डकी प्रदेशमा डेङ्गु सङ्क्रमण बढ्दै गएको छ । शनिबारसम्म एक हजार तीन सय ६९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

सबैभन्दा बढी तनहुँमा पाँच सय ५२ जनामा डेङ्गुको सङ्क्रमण देखिएको निर्देशनालयका सूचना अधिकारी नवराज शर्माले जानकारी दिनुभयो । सङ्क्रमणबाट तनहुँको व्यास नगरपालिकाका ४८ वर्षीय एक पुरुषको यही साउन १० गते निधन भएको उहाँले बताउनुभयो । तनहुँपछि कास्की डेङ्गुबाट बढी प्रभावित छ । निर्देशनालयको तथ्याङ्कअनुसार कास्कीमा चार सय ८० जना सङ्क्रमण पुष्टि भएको छ । गत बुधबार मात्र कास्कीमा ४० जना डेङ्गु सङ्क्रमित भेटिएका थिए । यस्तै, गोरखामा एक सय ११, बागलुङमा ८६, पर्वतमा ६६, लमजुङमा ५५, म्याग्दीमा ४१, स्याङ्जामा ३६, नवलपुरमा ११ र मनाङमा एक जनामा सङ्क्रमण देखिएको निर्देशनालयका सूचना अधिकारी शर्माले बताउनुभयो ।

असारयता डेङ्गु सङ्क्रमितको सङ्ख्या बढ्दै गएको हो । अङ्ग्रेजी जुलाई महिनामा छ सय ४३ जना सङ्क्रमित भेटिएकामा अगष्टको दोस्रो साता नबित्दै चार सय ७४ जनामा डेङ्गुको सङ्क्रम पुष्टि भएको निर्देशनालयले जनाएको छ । गत जनवरीमा ७० जनामा डेङ्गुको सङ्क्रमण भएकामा त्यसयता घट्दै आएर जुन महिनामा ८७ बाट पुनः सङ्क्रमितको सङ्ख्या थपिँदै आएको हो ।

स्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपालीले असारदेखि कात्तिकसम्म डेङ्गु सङ्क्रमणको बढी जोखिम हुने बताउनुभयो । उहाँले पछिल्लो समय प्रदेश राजधानी पोखरामा डेङ्गु तीव्र रुपमा फेलिएको बताउनुभयो । "समयमा नियन्त्रण गर्न नसके डेङ्गुले भयावह रूप लिन सक्छ", उहाँले भन्नुभयो, "डेङ्गुलाई सामान्य रूपले नसोचौँ, यसले ज्यानैसमेत लिएका घटना हामीकहाँ छन् ।"

डेङ्गु रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने उहाँको भनाइ छ । यस रोगबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु सबैभन्दा उत्तम उपाय भएको प्रमुख नेपालीले बताउनुभयो । उहाँले समयमा उपचार नभए डेङ्गुबाट बिरामीको मृत्युसमेत हुनसक्ने भएकाले उच्च सतर्कता अपनाउन आग्रह गर्नुभयो । गत वर्ष कास्कीमा मात्र तीन हजार ६९ जनामा डेङ्गु सङ्क्रमण भएको थियो । तीमध्ये पोखरा महानगरपालिकामा दुई हजार आठ सय नौ जना थिए ।

सङ्क्रमण बढ्दै गएपछि पोखरा महानगरपालिकालगायत स्थानीय तहले डेङ्गु रोकथाम तथा नियन्त्रणका लागि 'खोज र नष्ट गर' अभियान सुरू गरेका छन् । पोखरामहानगरपालिकाभित्रकासबै सरकारी कार्यालयले हरेक शुक्रबार बिहान १० देखि साढे १० बजेसम्म 'खोज र नष्ट गर' अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन् । स्वास्थ्य संस्था र निकायले लामखुट्टेका सम्भावित बासस्थानको खोजी गरी नष्ट गर्ने अभियानमा सघाउन सबैलाई आग्रहसमेत गरेका छन् ।

महानगरभित्रका ४६ वटै स्वास्थ्य संस्थामा डेङ्गुको परीक्षण तथा उपचार सेवा निःशुल्क गरिएको महानगरको स्वास्थ्य शाखाले जनाएको । डेङ्गुको फाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गर्न आग्रह गरिएको छ । डेङ्गु 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने स्वास्थ्य कार्यालयका प्रमुख नेपालीले बताउनुभयो । "डेङ्गु नियन्त्रणको प्रभावकारी उपाय भनेको घर वरपरि पानी जम्न नदिनु हो, यो लामखुट्टे जमेको सफा पानीमा बस्छ र दिउँसोमा मात्र मानिसलाई टोक्छ", उहाँले भन्नुभयो,"डेङ्गुको शङ्का लागेमा तुरुन्त परीक्षण गरी र आवश्यकताअनुसार उपचार सुरू गर्न सबैमा हाम्रो आग्रह छ ।"

डेङ्गुको सङ्क्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखा पर्ने जनाइएको छ । यो रोगको खास उपचार नभएकाले लक्षणअनुसार औषधोपचार गर्ने गरिएको स्वास्थ्यकर्मीको भनाइ छ ।

## बडिगाड पहिरोः ५० परिवार विस्थापित

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

बाढी पहिरोका कारण बडिगाडमा ५० परिवार विस्थापित भएका छन् ।

बडिगाड गाउँपालिका-९ को नयाँबस्ती र वडा नं १० आरुपाता, पात्ले, क्लावभिङ, खोर, सल्लेनधारालगायत बस्तीका ५० परिवार विस्थापित भएका हुन् । हालैका पहिरोमा परी ११ जनाको मृत्यु भएको छभने एक जनाको अवस्था अझै अज्ञात छ । विस्थापित परिवारको अहिले बिचल्ली भएको छ । पहिरोका कारण खानेपानी, विद्युत् आपूर्ति हुनसकेको छैन । बालबालिका र वृद्धवृद्धालाई बढी समस्या परेको छ । स्थानीय भीमबहादुर बुढाले गाउँका धेरै घर पहिरोको जोखिममा रहेको हुँदा बस्ती छाडेर अन्तै जानुपरेको दुखेसो रासस

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## मुग्लिन-पोखरा पूर्वीखण्डः एक वर्षमा ५५ किलोमिटर दुई लेन सडक कालोपत्र

पोखरापत्र संवाददाता
दमौली, २७ साउन

निर्माणाधीन मुग्लिन-पोखरा सडक योजनाअन्तर्गत पूर्वीखण्डमा एक वर्षमा ५५ किलोमिटर दुई लेन सडक कालोपत्र भएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा पूर्वी खण्डअन्तर्गत तनहुँको आँबुखैरेनीदेखि जामुनेसम्म एकतर्फि रूपमा ५५ किलोमिटर दुई लेन सडक कालोपत्र भएको हो । हालसम्म एकतर्फि रूपमा ६३ किलोमिटर खण्ड कालोपत्र सकिएको पूर्वीखण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । वर्षाका कारण अहिले कालोपत्रको काम रोकिएको छ । उहाँले भन्नुभयो, "अन्य काम भइरहे पनि वर्षाका कारण हाल कालोपत्र गरेका छैनौँ । वर्षा सकिएपछि बाँकी खण्डमा कालोपत्र हुनेछ ।"पूर्वीखण्डअन्तर्गत व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका पर्दछन् । त्यसमध्ये व्यास नगरपालिकाको दमौली र डुम्रे बजारका केही भामा घरटहरा हटाउन ढिलाइ हुँदा कालोपत्र काम अगाडि बढ्न सकेको छैन ।

पाण्डेकानुसार पूर्वीखण्डअन्तर्गत १४ वटा साना, दुई ठूला पुल र एक सय तीन कल्भर्ट निर्माणको काम सकिएका छन् । व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा निर्माण भइरहेको पुलअन्तर्गत दुई सय पाइल निर्माण सकिएको र अब स्ल्याब तथा बिम बनाउने चरणमा पुगेको उहाँले जानकारी दिभयो ।

आर्थिक वर्ष २०८०/८१ मा भूक्षय रोकथामका लागि विभिन्न ठाउँमा बायो इञ्जिनियरिङको काम गरिएको छ । उक्त अवधिमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

# मालेपाटन जोडिने झोलुङ्गे पुल सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

पोखरा महानगरपालिका-३२ स्थित मालेपाटन र मालमूलघारी जोड्ने ताल खोलामाथिको झोलुङ्गे पुल सञ्चालनमा आएको छ।

वर्षौंदेखि पुलको आशामा रहेका स्थानीयमा पुल बनेसँगै खुसियाली छाएको छ । मालेपाटनसँगै यहाँका बडहरे, देउराली, खड्का गाउँ, डोटेल कुनालगायत स्थानका बासिन्दालाई वडा कार्यालयका साथै गण्डकी विश्वविद्यालयसँगको पहुँच सहज बनाएको हो।

पुलनिर्माणलेमालेपाटनक्षेत्रका बालिबालिकालाई ब्रम्हरूपा माध्यमिक विद्यालयसम्म पुग्न सहज भएको स्थानीय ब्रम्हरूपा माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गालाल पण्डितले बताउनुभयो। झोलुङ्गे पुल निर्माणले मालेपाटन र आसपासका सर्वसाधारणलाई पृथ्वीराजमार्गअन्तर्गतको तल्लो गगनगौडा पुग्न सहज भएको उहाँले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारको रु एक करोड सात लाखको लागतमा उक्त झोलुङ्गे पुल निर्माण भएको पोखरा-३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीले जानकारी दिनुभयो । पुल निर्माणसँगै यस क्षेत्रका स्थानीयको



आवतजावतका साथै दैनिक उपभोग्य वस्तु ओसारपसार गर्न सहज भएको उहाँको भनाइ छ।

यसैगरी दुई वर्षअघि जग भत्किएको मालेपाटनबाट तनहुँको शुक्लागण्डकी नगरपालिका-१ सेराबैंसी जोड्ने फुर्सेखोलामाथिको झोलुङ्गे पुल हालसम्म मर्मत नहुँदा सो पुलबाट आवतजावत गर्ने सर्वसाधारण समस्यामा परेका छन्।

उक्त पुलको जग भत्किँदा मालेपाटनसहित तनहुँको सेराबैंसीलगायत ठाउँका सर्वसाधारण समस्यामा परिरहेका स्थानीय तारानाथ रिजालले बताउनुभयो। नौलो घुम्ती नेपालको प्राविधिक सहयोगमा विसं २०७४ मा निर्मित एक सय १९ मिटर लम्बाइको उक्त पुल कूल रु ४१ लाख २५ हजार पाँच सय २८ लागतमा बनेको थियो।

संरक्षणको अभावमा बर्सेनि फुस्रेखोलामा वर्षासँगै आउने बाढी र कटानले पुल भत्किएको स्थानीय महेश्वर पौडेलले उल्लेख गर्नुभयो। यस क्षेत्रमा आवतजावत गर्न पुल अत्यावश्यक रहेको बताउँदै उहाँले यसतर्फ राज्यको ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

पोखराको मालेपाटनका साथै तनहुँको शुक्लागण्डकीका सेराबैंसी, आरुस्वाँरा, सिम्ले, नयाँ गाउँ, थप्रेकसँगै भुजिकोटलगायत स्थानका बासिन्दाका लागि यो पुल आवश्यक भएको स्थानीय नारायण पाण्डेले बताउनुभयो।

पुलको जग मर्मत गर्न पहल भएको बताउँदै पोखरा-३२ का वडाध्यक्ष कार्कीले यसका लागि प्रदेश सरकारबाट रु ३२ लाख बजेट विनियोजन भएको जानकारी दिनुभयो। पुलको मर्मतसँगै यसको केही माथिबाट अर्को पुलको निर्माण गर्ने योजनासहित पहल भइरहेको उहाँले बताउनुभयो।

# डढेलोबाट जोगाउने वन समुहलाई २० हजार पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

कास्कीको रुपा गाउँपालिकाले डढेलोबाट वन जोगाउन सफल सामुदायिक वन समुहलाई २० हजार नगद पुरस्कार दिने घोषणा गरेको छ।

सामुदायिक वन दिवसको अवसरमा ठुलो वन समुहद्धारा निर्मित हरियाली पार्कमा आयोजित वृक्षारोपण कार्यक्रममा गाउँपालिका अध्यक्ष नवराज ओझाले सो घोषणा गर्नुभएको हो । गाउँपालिकामा ५६ वटा सामुदायिक वन उपभोक्ता समुह रहेका छन् । वन क्षेत्रमा आगो लगाउँदा जैविक विविधता, वन्य जन्तु सहित वातावरणीय असर पर्ने हुँदा त्यस्तो आपराधिक काम रोक्नका लागि गाविसले यसै आर्थिक बर्षबाट पुरस्कृत गर्ने जानकारी दिदैं उहाँले भन्नुभयो "डढेलोबाट वन जोगाउन सामुहिक प्रोत्साहनस्वरुप पुरस्कृत गरिने भएको हो।" "सामुदायिक वनको प्रभावकारीता, तीन तहको सरकार र समुदायको सहभागिता" भन्ने मुख्य नाराका साथ जिल्ला महासंघ कास्कीको आयोजना एवम् डिभिजन वन कार्यालय



कास्की र (युएसएआडी) जल जंगलको आर्थिक सहयोगमा आयोजित कार्यक्रममा असोका, धुपी, तेजपात, अमला लगायत विभिन्न जातका ४० वटा विरुवा रोपिएको थियो । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमालले रोपिएका विरुवाको संरक्षण गर्दै प्राकृति श्रोतलाई समृद्धिको आधार बनाउनु पर्नेमा जोड दिनुभयो । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले वनको संरक्षण, संवर्द्धन र विकासमा योगदान गर्दै आएका उपभोक्ताले वनको सहजरुपमा उपयोग गर्दै आम्दानीको श्रोतकोरुपमा विकास गरिनु अपरिहार्य भएको बताउनुभयो । डिभिजन वन कार्यालय कास्कीका प्रमुख कोमलराज काफ्लेले सामुदायिक वन क्षेत्रमा रहेका पुराना रुख निकाल्न उपभोक्तालाई सुझाव दिंदै त्यसका लागि कार्यालयकोतर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । ठुलोवन समुहका अध्यक्ष ईश्वर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदी, जिल्ला महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले वन दिवसको महत्व माथि प्रकाश पर्नुभएको थियो।

# शितलादेवी टोल विकास संस्थाको अध्यक्षमा सुशिला श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

पोखरा महानगरपालिका वडा न १२ स्थित शितलादेवी टोल विकास सस्थाको २० औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशनले सुशिला श्रेष्ठलाई अध्यक्षमा चयन गरेको छ।

आइतवार भएको अधिवेशनले उपाध्यक्षमा प्रदिप घिमिरे, सचिवमा दिपेन्द्र श्रेष्ठ, कोषाध्यक्षमा इन्द्रकुमारी गुरुङलाई चयन गरेको हो । त्यसैगरी सदस्यहरुमा लालकुमारी गुरुङ, राजकुमारी गुरुङ, टीका कोइराला, दुर्गा श्रेष्ठ, जुमवहादुर गुरुङ, धनवीर गुरुङ, रेशम वहादुर कार्की, देवीकला अधिकारी, इन्दिरा कोइराला, ओमप्रसाद गुरुङ र सुमन कोइराला रहेका छन् । समाजसेवी डा अनिल



सुवेदीले अधिवेशनको उद्घाटन गर्दै टोलमा धेरै भन्दा धेरै विरुवा रोप्नु पर्नेमा जोड दिनु भयो । संस्थामा आवद्ध रहेका सदस्यहरु मध्यवाट असल छिमेकीलाई हरेक वर्ष सम्मान गर्न अनुरोध गर्दै डा सुवेदीले सम्मानको लागि पाँच हजार दिने घोषणा गर्नु भयो। वडा नं १२ का वडा सदस्य गोविन्द सिग्देलले टोल विकासको लागि वडावाट सदैव सहयोग गर्ने वचन वद्धता दिनुभयो । कार्यक्रममा टोल विकास सस्थाका जेष्ठ नागरिक साथै टोलमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने समाजसेवीहरुलाई सम्मान गरियो । शितलादेवी टोल विकास सस्थाका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा शीतदेवी माविका प्रधानाध्यापक बाबुराम अधिकारी, सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी-१२ का अध्यक्ष धर्मराज आचार्य र सम्मानितको तर्फवाट पदमवहादुर गुरङ लगायत वोलेको कार्यक्रममा उपाध्यक्ष सुशिला श्रेष्ठले स्वागत, सचिव प्रदिप घिमरेले संचालन गर्नु भएको थियो । कार्यक्रममा सचिव प्रदिप घिमिरको प्रतिवेदन र कोषाध्यक्ष इन्द्रकुमारी गुरुङको प्रतिवेदन पारित भएको छ।

# जलवायु परिवर्तनको असर न्यूनीकरणमा नेपाल-भारत मिलेर अघि बढौँ: राष्ट्रपति

**रासस**
काठमाडौं, २७ साउन

राष्ट्रपति रामचन्द्र पौडेलसँग भारतीय विदेश सचिव विक्रम मिस्रीले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा आइतबार भएको सो भेटमा द्विपक्षीय आपसीहित र सम्बन्धका विविध विषयमा कुराकानी भएको राष्ट्रपति कार्यालयले जनाएको छ।

सो अवसरमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि नेपाल-भारत मिलेर काम गर्नुपर्ने बताउनुभयो। "हिमाल र पानीको सुरक्षा नै मानवजातिको सुरक्षा निर्भर रहेको हुनाले जलवायु परिवर्तनको असर न्यूनीकरणमा दुवै देश मिलेर काम गर्न जरुरी छ", राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले भन्नुभयो । राष्ट्रपति पौडेलले नेपाल-भारतबीचअनादिकालदेखि जनस्तरसम्मको सम्बन्ध रहेको र नेपालको विकासमा भारतको ठूलो सहयोग रहेको उल्लेख गर्दै सचिव मिस्रीको कार्यकालमा दुवै देशबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले आपसीहित र समृद्धिका लागि दुई देशबीचको मित्रता र सहकार्य अझ मजबुत बनाउनुपर्छ भन्ने लागेको छ भन्दै कृषिको आधुनिकीकरण, पूर्वाधार विकास, जलविद्युत्, व्यापार, लगानी, पर्यटन तथा मानवसंशाधन विकास नेपालको प्राथमिकता रहेको बताउनुभएको उहाँका प्रेस सल्लाहकार पोखरेलले जानकारी दिनुभयो।

राष्ट्रपति पौडेलले नेपालमा जलविद्युत् विकास, दिगो एवं सहज ऊर्जा व्यापारका लागि प्रशस्त सम्भावना रहेको उल्लेख गर्नुभयो। सो अवसरमा भारतीय विदेश सचिव मिस्रीले जलवायु परिवर्तनको असर न्यूनीकरणको विषय दुवै देशका लागि चुनौती रहेकाले यसमा मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल सरकारका कैयौँ योजनामध्ये ऊर्जा, कृषि, पर्यटनजस्ता नेपालको प्राथमिकतमा भारत पनि काम गर्न इच्छुक रहेको उहाँले बताउनुभयो। उहाँले काम अगाडि बढिरहेका आयोजना यथाशीघ्र सम्पन्न गरेर नयाँ र प्राथमिकताका क्षेत्रमा काम गर्न भारत इच्छुक रहेको पनि जानकारी दिनुभयो । नेपाल-भारतबीचको सम्बन्ध जति सुमधुर हुन्छ त्यति नै दुवै देशका जनताको हित हुने उल्लेख गर्दै विदेश सचिव मिस्रीले भारतले स्थिर, शान्त र समृद्ध नेपाल हेर्न चाहेको पनि प्रष्ट पार्नुभएको प्रेस सल्लाहकार पोखरेलले बताउनुभयो।

## मुग्लिन ...

केही घरटहरा हटाउन ढिलाइ हुँदा र पहिराजन्य समस्या काममा अवरोध पुगेको आयोजनाले जनाएको छ। गत आवमा आयोजनाका लागि पुँजीगततर्फ रु दुई अर्ब ९९ करोड बजेट विनियोजन भएकामा रु दुई अर्ब १४ करोड खर्च भएको जनाइएको छ।


यस खण्डको गत वैशाख २ गते म्याद सकिएपछि पुनः एक सय ५५ दिन थप गरिएको छ। पूर्वीखण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरू भएको थियो। यहाँ चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले काम गरिरहेको छ। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा चार लेन सडक विस्तारको काम सुरू भएको हो। पूर्वीखण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ।

## बडिगाड ...

प्रतिनिधिसँग पोख्नुभयो। आफ्नो घर वरपरका बस्ती पहिरोको जोखिममा रहेका उहाँले बताउनुभयो । विस्थापित परिवारलाई विद्यालय तथा सार्वजनिकस्थलमा व्यवस्थापन गरिरहेको बडिगाड गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले जानकारी दिनुभयो।

गाउँपालिकाले प्रारम्भिक चरणको राहत वितरण गरिरहेको उहाँले बताउनुभयो। पालिकाले खाद्यान्न र त्रिपाल, बत्तीलगायत अतिआवश्यक सामग्री उपलब्ध गराएको भन्दै दीर्घकालीन व्यवस्थापनका लागि माथिल्लो तहको सरकारसँग छलफल गरिरहेको उहाँले बताउनुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# माओवादीमा नेतृत्व परिवर्तनको बहस

लामो समयसम्म सत्तामा रहेको नेकपा माओवादी केन्द्र सरकार बाहिर रहेपछि नेतृत्व परिवर्तनको माग उठेको छ । केन्द्रीय सरकार देखि सबै प्रदेश सरकारबाट माओवादी बाहिर रहनुमा नेतृत्वको उथलपुथल शैलीका कारण भएको भन्दै अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड सामु प्रश्नै प्रश्न तेर्स्र्याइएको छ । उपमहासचिव जनार्दन शर्माले स्थायी कमिटी बैठकमा नेतृत्व परिवर्तनका लागि तीन विकल्प अघि सारेका छन । अध्यक्ष प्रचण्डसँग बेला बेलामा आफ्ना असहमति प्रकट गर्दै आएका उपमहासचिव शर्माले पार्टी नेतृत्व परिवर्तनको लागि बहस थालेका छन । पार्टी कार्यालय पेरिस डाँडामा बसेको स्थायी समितिको बैठकपश्चात पत्रकार सम्मेलनमा प्रवक्ता अग्नि सापकोटाले नेतृत्व विकास गर्ने विषयमा सैद्धान्तिक बहस चलेको जानकारी दिए । सिद्धान्त, विचार, नीतिमा राम्रो तयारी गरि नेतृत्व निर्माण गर्नुपर्नेमा छलफल चलेको प्रबक्ता सापकोटाको भनाईले धेरै कुरालाई बाहिर ल्याएको छ ।

स्थायी कमिटीमा चलेको बहसले केन्द्रीय कमिटीमा पनि निरन्तरता पाउने जानकारी दिए । केहि दिन यता जारी स्थायी कमिटी बैठकमा स्थानीय तहलाई आधार बनाएर समाजवादको आधार तयार पार्नुपर्नेमा सदस्यहरुले जोड दिएको प्रबक्ताको दाबी छ । बैठकमा जनताका समस्या र मुद्दाहरूमा केन्द्रित भएर जनपरिचालन कार्यक्रम ल्याउनुपर्ने, नयाँ कार्यनीतिको विकास गर्नुपर्ने धारणा आएको प्रवक्ता सापकोटाले जानकारी दिए । माओवादी सरकारले सुरु गरेको सामाजिक न्यायसहितको सुशासनका कार्यक्रमहरुबाट सरकार पछि हट्ने देखिएकाले खबरदारी गर्नुपर्ने धारणाहरु समेत आएको उनको भनाई छ ।

आइतबार माओवादी स्थायी कमिटी बैठकमा १४ जना धारणा राखेका थिए । अध्यक्ष प्रचण्ड र पार्टी संगठन विभाग प्रमुख तथा पार्टी उपमहासचिव जनार्दन शर्माले प्रस्तुत गरेको प्रतिवेदनमा नेताहरूले आफ्नो धारणा राखिरहेका छन् । नेताहरूले बोल्ने क्रममा सकेकाले सोमबार पनि बैठकलाई निरन्तरता दिने केन्द्रीय कार्यालयले जानकारी दिएको छ । बैठकमा उपमहासचिव जनार्दन शर्मा, वर्षमान पुनलगायतले ३५ वर्षसम्म पुष्पकमल दाहाल प्रचण्डले मात्र नेतृत्व लिने अवसर पाएकाले पार्टी अध्यक्ष कति पटक बन्ने विधानमै तोकिनुपर्ने माग गरेका थिए । पार्टी निर्माणका लागि विधान पुनर्लेखन र नेतृत्वको कार्यकाल तोकिनुपर्ने अधिकांश नेताको जोड छ । उनीहरुले पार्टी शुन्यतर्फ उन्मुख भएको उल्लेख गर्दै पार्टीभित्र भएको कमजोरीको जिम्मेवारी अहिलेको मूल नेतृत्व प्रचण्डले आनाकानी गरिरहेको भन्दै बैठकमा प्रश्न उठाएका छन् ।

३५ बर्षदेखि एक व्यक्ति नेतृत्वमा रहने र नेतृत्व चयन महाधिवेशनका प्रतिनिधिले प्रत्यक्ष मतदानबाट गर्न नपाउँदा उकुसमुकुस भएको छ । प्रतिस्पर्धी पार्टीबाट नेतृत्व चयन र परिवर्तन गरेको देखेका नेता कार्यकर्तालाई युद्धकालीन नेतृत्वबाट अहिले चल्न सक्दैन । लामो समय सत्तामा रहेको र पटकपटक सरकारको नेतृत्व गर्दा पार्टी कमजोर बन्दै जानुमा अध्यक्ष प्रचण्डलाई प्रश्न तेर्स्याउनु अनुचित होइन ।सधैं अस्थिर र तदर्थ देखिने शैली हटाउनु समयको माग हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङमा पर्यटक बढेपछि होटलमा लगानी थपिँदै

**पोखरापत्र संवाददाता**

बागलुङ, २७ साउन

शिक्षण पेशा छाडेर विगत २० वर्षदेखि होटल व्यवसायमा लाग्नुभएका काठेखोला गाउँपालिका-७ रेशका तालबहादुर कुँवरले जिल्लामा पर्यटकको आगमन बढेसँगै लगानी पनि बढाउनुभएको छ । उहाँले सञ्चालन गरेको होटल यहाँ ‘भिआइपी’ होटलका रूपमा परिचित भएको छ ।

सानो घरमा चार कोठाबाट व्यवसाय थाल्नुभएका उहाँले व्यवसाय बढाउनुभएको छ । उहाँको होटलमा २४ कोठा छन् भने लगानी बढेर रु दुई करोड पुगेको छ । आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेसँगै यहाँका अन्य उद्यमीले पनि सुविधासम्पन्न होटल सञ्चालन गर्न थालेका छन् ।

बागलुङ बजारको अस्पताल रोडमा अर्को ३० कोठे होटल सञ्चालनको अन्तिम तयारीमा छ । यो यहाँको सबैभन्दा सुविधासम्पन्न होटल हुने लगानीकर्ताहरूले दाबी गरेका छन् । जिल्लामा पर्यटक आउन थालेपछि ठूला होटलको आवश्यकता परेको उद्यमी कुँवर बताउनुहुन्छ । उहाँले जिल्लामा तारेहोटल आवश्यक भएको बताउनुभयो । विसं २०६५ देखि बागलुङमा होटल व्यवसाय गर्दै आउनुभएका अर्जुन चोखालले होटल व्यवसायमा रु चार करोड लगानी गरिसक्नुभएको छ ।

कालिका मन्दिर, विश्वकै दोस्रो लामो झोलुङ्गे पुल, बन्जी पुल, पञ्चकोट, शालग्राम सङ्ग्रहालयजस्ता पर्यटकीय गन्तव्यका कारण यहाँ प्रशस्त मात्रामा स्वदेशी पर्यटक आउने गरेका छन् ।

# च्याउखेतीबाट वार्षिक १० लाख आम्दानी

**पोखरापत्र संवाददाता**

पर्वत, २७ साउन

जलजला गाउँपालिका-८ फर्सेकी सावित्री खत्री व्यावसायिक च्याउखेतीबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको छ । विगत १० वर्षदेखि व्यावसायिक कृषिमा सक्रिय खत्रीले च्याउखेतीबाट बर्सेनि रु १० लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ ।

तीनवटा गुम्वज टनेलमा उत्पादित कन्ये र गोब्रे च्याउ बागलुङ, म्याग्दी र कुश्माबजारमा खपत हुने गरेको उहाँबताउनुहुन्छ।“च्याउखेतीबाट भएको आम्दानीले उत्साहित छु, बजारको समस्या छैन”, उहाँले भन्नुभयो । गोब्रे च्याउ प्रतिकेजी रु पाँच सय र कन्ये रु दुई सयमा बिक्री हुँदै आएको छ । कच्चा पदार्थसहितका साम्रगी तयार गर्नुभएकी किसान खत्रीले सात रोपनी जमिनमा मौसमअनुसार काँक्रो, घिरौला, बोडी, सिमी, करेला, भेण्टा, खुर्सानी, धनिया पनि उत्पादन गर्दै आउनुभएको छ । “हाइटेक टनेलमा बाह्रै महिना च्याउखेती गर्ने लक्ष्य छ, च्याउखेतीका लागि गाउँका किसानलाई सहायोग गर्ने गरेकी छु”, खत्रीले भन्नुभयो ।

श्रीमानूको सहयोगमा उत्पादित सागसब्जी बजार पुर्‍याउने गरेको उहाँले सुनाउनुभयो । जलजलामा व्यावसायिक रूपमा लाग्ने किसानको आर्कषण बढेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फणिन्द्रप्रसाद आचार्यले बताउनुभयो । “गाउँपालिकाले पनि प्रोत्साहन गरिरहेको छ, च्याउखेतीमा अनुदान बढाउँछौं”, उहाँले भन्नुभयो ।

# सत्रौं भानु कपको उपाधि गोरखाको च्याङ्ली स्पोर्टस्लाई

**पोखरापत्र संवाददाता**

तनहुँ, २७ साउन

तनहुँको भानु नगरपालिका-१ भन्सारमा सञ्चालित सर्वाधिक राशि पुरस्कार भएको सत्रौं भानु कपको उपाधि गोरखाको च्याङ्ली स्पोर्टस्ले जितेको छ ।

आइतबार सम्पन्न फाइनलमा तनहुँको शुक्लागण्डकीस्थित लिभिक कन्स्ट्रक्सनलाई १-० ले हराउँदै च्याङ्लीले भानु कपको उपाधि जितेको हो ।

शनिबार भएको सेमिफाइनलमा भानुको फ्रेण्डसीप युवा क्लबलाई पराजित गर्दै शुक्लागण्डकीस्थित लिभिक कन्स्ट्रक्सन फाइनलमा प्रवेश गरेको थियो । त्यस्तै दोस्रो सेमिफाइनल खेलमा सूर्यपुर एफसी चितवनलाई २-० ले पराजित च्याङ्ली फाइनल प्रवेश गरेको थियो । विजेता बनेसँगै च्याङ्ली नगद रु दुई लाख ५० हजार दुई सय ११ र ट्रफी प्राप्त गरेको छ । उपविजेता लिभिकले नगद रु एक लाख २५ हजार दुई सय ११ र ट्रफीमा चित्त बुझाउनुपरेको छ । प्रतियोगितामा सेमिफाइनलमा पुगेको भानुस्थित फ्रेण्डसीप युवा क्लब र चितवनको सूर्यपुर एफएसी क्लबलाई नगद रु २५ हजार दुई सय ११ प्रदान गरिएको छ । विजेतालाई प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले पुरस्कार वितरण गर्नुभएको छ ।

भानुभक्त आचार्यको जन्मथलो चुँदीरम्घाको प्रचारप्रसारका लागि क्लबले प्रत्येक वर्ष प्रतियोगिता आयोजना गर्दै आएको छ । क्लबका अध्यक्ष अर्जुनकुमार श्रेष्ठका अनुसार प्रतियोगितामा २४ समूहको सहभागिता थियो । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई नगद रु पाँच हजार दुई सय ११, उत्कृष्ट गोलरक्षकलाई नगद रु पाँच हजार दुई सय ११, सर्वाधिक गोलकर्तालाई नगद रु पाँच हजार दुई सय ११ प्रदान गरिएको प्रचारप्रसार समितिका संयोजक राजेश कार्कीले जानकारी दिनुभयो ।


**पेन्सनपट्टा हरायो**

यहि मिति २०८१/०३/१५ गते बगर बाट महेन्द्रपुल जाने क्रममा नेपाली सेना कल्याणकारी योजना तर्फको पहेंलो रंगको पेन्सन पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : धनबहादुर केसी

पेन्सन पट्टा नं. ५५३३४२

ठेगाना : पोखरा-२०, कास्की

सम्पर्क नं. ९८४६०८१७०३


# एमएडब्ल्यू वृद्धि कमर्शियल भेइकल्सको शाखा अब पोखरामा

**पोखरापत्र संवाददाता**

पोखरा, २७ साउन



एमएडब्ल्यू वृद्धि कमर्शियल भेइकल्स प्रा. लि.ले आफ्नो नयाँ शाखा पोखरामा विस्तार गरेको छ ।

विस्तारित शाखाको आइतबार एक कार्यक्रमका विच गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातयात मन्त्री राजीव गुरुङ र कम्पनी प्रवन्ध निर्देशक तुषार गुप्ताले रिवन काटेर संयूक्तरुपमा उद्घाटन गरेका हुन् । पोखराको बुद्धचोकस्थित शोरुमको उद्घाटन गर्दै मन्त्री गुरुङले अबको भविष्य भनेकै इलेक्ट्रिक सवारी साधनको भएको बताए । उनले भने, ‘देशमा जलविद्युतको द्रुत विकासको कारण विद्युतिय सवारी साधनको भविष्य छ ।

यसको प्रयोगले सवारी साधन मालिकलाई मात्रै होइन्, यसमा चढ्ने यात्रू, वातावरण सबै क्षेत्रमा राम्रो हुन्छ ।’ उनले व्यवसायलाई मात्रै नहेरी आम ग्राहकको मन जित्नेगरि सेवा प्रवाह गर्नपनि कम्पनीलाई आग्रह गरे । कार्यक्रममा बोल्दै कम्पनीका प्रवन्ध निर्देशक तुषार गुप्ताले कम्पनीको तर्फबाट ग्राहकलाई सेवा दिन देशका कुना-कुनामा सेवा विस्तार भइरहेको बताए । उनले कम्पनीको तर्फबाट ग्राहकवर्गमा कुनै गुनासो आउन नदिनेतर्फ सचेत रहेको बताउँदै ढुक्क भएर सवारी खरिद गर्न अनुरोध गरे । कम्पनीले यसै वर्षभित्र नारायणगढ र इटहरीमा पनि शाखा विस्तार गर्ने योजना रहेको सुनाए । कम्पनीका बारेमा जानकारी दिँदै सेल्स प्रमुख नविन आचार्यले भविष्यको आवश्यकतालाई मध्यनजर गर्दै आफुहरुले विद्युतिय सवारी साधनहरु नेपाल भित्र्याएको बताए । चीनको उत्कृष्ट व्यवसायिक सवारी निर्माता कम्पनी फेटोन र सोकोन ब्राण्डका यात्रुवाहक, स्कुल र भारी बोक्ने विभिन्न मोडलका इभी सवारीहरु पोखरा शोरुममा उपलब्ध रहेको उनको भनाई छ । कम्पनीले सवारी विक्रीमात्र नभई बिक्री भइसकेपछि पनि दिइरहेको सेवाबाट आफ्ना ग्राहकवर्ग सन्तुष्ट रहेकोपनि उनले दाबी गरे । यस्तै, कम्पनीका सर्भिस प्रमुख जयन्त बस्नेतले झण्डै ६ दशक समयदेखि ग्राहक वर्गको मन जित्न सफल कम्पनीले फोटोन र सोकोन ब्राण्डको सवारीको आधिकारिक विक्रेतासँगै सीएएलटी ब्याट्री र यसको स्प्येर्स पार्टस्को आधिकारीक सेवा एजेन्टका रुपमा सेवा प्रदान गरिरहेको जानकारी दिए ।

कार्यक्रममा अब पोखरा शाखा प्रमुख किरण ओझाले अब कम्पनीका गाडी किन्नकै लागि काठमाण्डौं धाउनुपर्ने बाध्यता अन्त्य भएको बताए । उनले बुद्धचोकस्थित सुविधासम्पन्न अत्याधुनिक शोरुमबाट ग्राहकवर्गलाई सेवा प्रदान गरिने बताए । हाल शोरुममा फेटोन र सेकोन ब्राण्डका हाईरुफ ईभी भ्यान, टुनल्याण्ड, ईसीथ्रिसिक्स भ्यान लगायतका ब्राण्डहरु उपलब्ध रहेको जानकारी दिए । उनका अनुसार शोरुममा ११ देखि १६ सिटसम्मका ईभीहरु उपलब्ध छन् । कार्यक्रममा स्याङ्जा पोखरा गण्डकी यातायात प्रा.लि.का अध्यक्ष एवं लोकतान्त्रिक यातायात व्यवासयीक संघका केन्द्रिय सचिव भानुभक्त बरालले यातायात व्यसायीलाई कम्पनीको आधिकारीक शोरुम पोखरामामै सञ्चालन आउनु खुशीको कुरा भएको धारण व्यक्त गरे । एमएडब्ल्यू कम्पनीको गाडी खरिदमा तुलानात्मक धेरै फाइदा आफुले पाएको आफ्नो अनुभव व्यक्त गरे ।

# कांग्रेस बैठक जारी, ११ बुँदे प्रस्तावमाथि छलफल

**रासस**

काठमाडौं, २७ साउन

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको यही साउन २३ गतेदेखि प्रारम्भ भएको बैठकमा ११ वटा विभिन्न प्रस्तावित विषयहरूमाथि केन्द्रीय सदस्यहरुले धारणा राख्ने क्रम जारी छ ।

पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षमा भएको बैठकमा आज केन्द्रीय सदस्यहरु अर्जुननरसिंह केसी, डा शेखर कोइराला, डा नारायण खड्का, आनन्दप्रसाद ढुङ्गाना, दीपक गिरी, सीता गुरुङ, मिनाक्षी झा, श्यामकुमार घिमिरे, कल्याणकुमार गुरुङ, चिनकाजी श्रेष्ठ, लक्ष्मी परियार, कर्णबहादुर बुढा, टेकप्रसाद गुरुङ, सञ्जयकुमार गौतम, आङ्गेलु शेर्पा, दिनेशकुमार यादव, उदयशम्शेर राणा, राजीव ढुङ्गाना, दिलमान पाख्रिन, राजीवविक्रम शाहले धारणा राख्नुभएको थियो ।

यसैगरी बैठकमा केन्द्रीय सदस्यहरु डा चन्द्रमोहन यादव, प्रतिमा गौतम, कुन्दनराज काफ्ले, जानकी सिंह, प्रा डा गोविन्दराज पोखरेल, सुशिला मिश्र भट्ट, नागिना यादव, अजयबाबु शिवाकोटी, भीम पराजुली, सुशीला थिङ, सीताकुमारी राना, सुशीला ढकाल (आचार्य), विद्यादेवी तिमिल्सिना र शान्ति परियार विकले धारणा राख्नुभएको थियो ।


**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**

**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट ‘घ’ वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

कर्पोरेट कार्यालयः महालक्ष्मी-४, इमाडोल, ललितपुर, फोन नं.: ०१-५९१२७५२

Website : www.swmfi.com.np

को

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !

सूचना प्रकाशित मिति २०८१/०४/२८ गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको देहायका संस्थापक शेयरधनीले देहाय बमोजिमको संस्थापक शेयर बिक्री गर्न ईच्छुक भई वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरिद गर्न विद्यमान संस्थापक शेयरधनीहरुका लागि सूचना प्रकाशित गरिएकोमा विद्यमान संस्थापक शेयरधनीहरुबाट कुनै आवेदन नआएको हुँदा संस्थापक भन्दा बाहिर सर्वसाधारणहरुबाट उक्त शेयर खरिद गर्न इच्छुक सर्वसाधारणले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी ०४, ललितपुर वा शेयर रजिष्ट्रार, कुमारी क्यापिटल लिमिटेड काठमाडौं-१ नक्साल, नागपोखरी आईपुग्ने गरी आवेदन गर्नुहुन सूचित गराईएको छ । सो शेयरको बिक्री मूल्य बिक्रेताले तोके बमोजिम हुनेछ ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | गुडाखर सापकोटा, आँधिखोला-०२, स्याङ्जा | २४,५२६ कित्ता (चौबिस हजार पाँच सय छब्बिस मात्र) |
| २. | कमला शर्मा, आँधिखोला-०२, स्याङ्जा | १७,०२४ कित्ता (सत्र हजार चौबिस मात्र) |
| ३. | दोलराज सापकोटा, आँधिखोला-०२, स्याङ्जा | ३,१७४ कित्ता (तिन हजार एक सय चौहत्तर मात्र) |

# झरीमा पोखरा साहित्यमय

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन

सप्ताहन्तको फुर्सदलाई पोखरेली वाङ्मयप्रेमीले साहित्यको रसस्वादनमा खर्चिए । कतै मुक्तक सुनिए, कहीँ गजल । उपन्यासमाथिको बहसदेखि नाट्यकृतिको लोकार्पण एकै दिन भए ।

पोखरा झरीको याममा पनि साहित्यमय बन्यो । पोखरा महानगरपालिका-२६ मा शनिबार आयोजित 'वडा उत्सव'मा चर्चित गजलकार प्रदीप रोदन, मन क्षेत्री र कपिल शर्मा प्रस्तुत हुनुभयो । रोदनले सात, क्षेत्री र शर्माले छ/छ गजल सुनाउनुभयो ।

'गजब्बको माहोल जम्यो', गजलकार क्षेत्रीले भन्नुभयो । वडा कार्यालयले गजलकारहरूलाई मञ्चमा उभ्याएको हो । तीनै गजलकारले झन्डै एक घण्टा गजलको महफिल जमाए । पत्रकार एवं आख्यानकार अखण्ड भण्डारी पनि शनिबार यहाँका पाठकमाझ प्रस्तुत हुनुभयो । आफ्नो उपन्यास कृति 'बोरा' माथिको परिचर्चा कार्यक्रममा उहाँले उपन्यास लेखनको अनुभव र रचनागर्भ सुनाउनुभयो । 'र्‍यान्डम रिडर्स सोसाइटी'द्वारा आयोजित उक्त कार्यक्रममा उपप्राध्यापक राजिन पनेरुले 'बोरा'माथिको समालोचनात्मक टिप्पणी गर्नुभयो । कार्यक्रममा उपन्यासबारे बौद्धिक पाठकहरूले जिज्ञासा तथा सुझाव राखेका थिए । पाठकसँगको संवादमा आख्यानकार भण्डारीले आफ्नो लेखकीय अनुभव बाँड्नुभयो । अन्नपूर्ण पोष्ट दैनिकका सम्पादकसमेत रहनुभएका उहाँले उपन्यास सत्य घटनामा आधारित रहेको बताउनुभयो । आफू पत्रकारसमेत भएकाले उपन्यासका माध्यमबाट समाजका घटना र प्रवृत्तिलाई पस्किन सहज भएको उहाँले सुनाउनुभयो ।

पुछारसिटे अभियानको आयोजनामा कवि सञ्जीव पौडेलको कवितासङ्ग्रह 'जून ओर्लेको रात'माथि पनि शनिबार नै परिचर्चा गरियो । साहित्यकार सरु भक्त, तीर्थ श्रेष्ठलगायत सो कार्यक्रममा सहभागी भए । उक्त कविता कृतिमाथि डा भूमिराज बस्ताकोटीले टिप्पणी गर्नुभयो ।

नारी प्रतिभा वाङ्मय प्रतिष्ठान, नेपालको आयोजनामा कवि सिर्जना अर्यालको नाट्यकृति मुर्दाघरको लोकापर्ण पनि शनिबार नै भयो । गण्डकी प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा आयोजित उक्त कार्यक्रममा कवि अर्यालले एकल कविता वाचनसमेत गर्नुभयो । मुक्तक मञ्च केन्द्रीय समितिले एक सय ९५औँ मुक्तक वाचन शृङ्खला आयोजना गर्‍यो । चौकीस मुक्तककारले आफ्नो चोटिला मुक्तक सुनाए । हरेक महिनाको अन्तिम शनिबार मुक्तक वाचन कार्यक्रम आयोजना गर्ने गरिएको मञ्चका अध्यक्ष रामजीप्रसाद आचार्यले जानकारी दिनुभयो । "मञ्चको कार्यक्रममा विशेषगरी चतुस्पदी मुक्तक सुनाउने गरिन्छ", उहाँले भन्नुभयो । विसं २०६५ मा स्थापित उक्त संस्था मुक्तक विधाको उन्नयनमा समर्पित छ । शनिबार नै लोकगायक कल्याण शेरचनलाई पोखरामा सम्झिइयो । कल्याण शेरचन स्मृति प्रतिष्ठानको १४औँ वार्षिक साधारणसभामा उहाँको योगदानबारे चर्चा गरियो ।

पोखरामा भाषा, साहित्य र संस्कृतिका श्रीवृद्धिमा दर्जनौँ संस्था क्रियाशील छन् । उनीहरूले हरेक साता कुनै न कुनै साहित्यिक गतिविधि गर्दैआएका छन् । उनीहरूले साहित्यिक पुरस्कार तथा सम्मानसमेत प्रदान गर्दै आएका छन् । पोखरेली युवा सांस्कृतिक परिवारलगायत यसको अग्रणी भूमिकामा देखिन्छन् । नेपालमै पहिलोपटक २०३५ सालमा टिकटमा मुक्तक कार्यक्रम आयोजना गरेको श्रेय पनि उक्त परिवारलाई जान्छ । त्यसबेला उक्त कार्यक्रममा दिवङ्गत साहित्यकार हरिभक्त कटुवाल प्रमुख अतिथिका रूपमा पोखरा आउनुभएको थियो । पोखरेली सर्जक फणिन्द्र अकिञ्चनले कला, साहित्यको उत्थानमा संस्थागत पहल पोखरेली युवा सांस्कृतिक परिवार गठन भएयता सुरु भएको बताउनुभयो । "अहिले दर्जनौँ साहित्यिक संस्था यहाँ सक्रिय छन्, शनिबार त साहित्यिक कार्यक्रममा पुग्नै भ्याइनभ्याइ हुन्छ", उहाँले भन्नुभयो, "पहिले रचना वाचन बढी हुन्थ्यो, अहिले साहित्यिक पुस्तकमाथि बौद्धिक र विमर्शका कार्यक्रम हुन थालेका छन् ।"

काठमाडौँमा बसेर लेखिरहेका कवि, लेखकहरू त्यस्ता कार्यक्रमका लागि बरोबर पोखरा आइरहन्छन् । र्‍यान्डम रिडर्स सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीले नियमित रूपमा साहित्यिक कृतिमाथि परिचर्चा कार्यक्रम आयोजना गर्दै आएको बताउनुभयो । पोखरा कला, साहित्य र संस्कृतिले धनी सहर हो । बूकवर्म फाउन्डेसनले गर्दै आएको नेपाल साहित्य महोत्सव पनि केही वर्षदेखि पोखरामा हुँदै आएको छ ।

# बिन्दवासिनी बचत तथा ऋण सहकारीको विशेष साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन




बिन्दवासिनी बचत तथा ऋण सहकारी संस्था लि.को बिशेष साधारणसभो शनिबार बिरौटा स्थित सुर्योदय ईभेन्ट सेन्टरमा सहकारीका जेष्ठ ब्यक्ति, समाजसेबी, शिक्षाबिद चतुरमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो ।

उक्त सभामा नयाँ संचालक समिति र लेखा सुपरिवेक्षण समिति चयन गरिएको निर्वाचन समितिको संयोजक सुर्योदर्शन बचत तथा ऋण सहकारी बचत पिडित समितिका संयोजक तथा कास्की बचत संघका अध्यक्ष किरण श्रेष्ठ जानाकारी दिनुभयो । नयाँ संचालक समितिको अध्यक्षमा चतुरमान श्रेष्ठ, उपाध्यक्षमा रेखा मर्सानी सचिबमा निरोज पंसारी कोषाध्यक्षमा राज कुमार घले सह-सचिबमा मिना पालिखे सदस्यमा भगवती पराजुली सदस्यमा कमला कोइराला निर्वाचित भएका छन् । उक्त कार्यक्रम सहकारीबाट बचत पिडित तथा उद्धार समितिले आयोजना गरेको थियो ।

# मिर्गौला पीडितलाई १५ लाख सहयोग

पोखरापत्र संवाददाता
वालिङ, २७ साउन

स्याङ्जाकी एक मिर्गौला पीडित महिलालाई रु १५ लाख रकम सङ्कलन गरी हस्तान्तरण गरिएको छ ।

स्याङ्जाको गल्याङ नगरपालिका-११ छाप घर भइ हाल गल्याङ बजारमा बस्दै आउनुभएकी जमुना थापाको उपचारका लागि नेपाल मगर सङ्घ गल्याङ नगर समितिले रकम सङ्कलन गरी हस्तान्तरण गरेको हो । दुवै मिर्गौलाले काम गर्न छाडेपछि उपचाररत थापाको जीवन रक्षाका लागि नेपाल मगर सङ्घ गल्याङले 'जमुना बचाऔँ' अभियानमार्फत देश तथा विदेशबाट रकम सङ्कलन गरिएको नेपाल मगर सङ्घ गल्याङका अध्यक्ष कुमार रानाले जानकारी दिनुभयो । "दुवै मिर्गौलाले काम गर्न छाडेको थाहा पाएपछि उपचारकाका लागि आर्थिक अभाव भएकाले सङ्घमार्फत सहयोग जुटाउने अभियान चलाएका हौँ", उहाँले भन्नुभयो, "सङ्घले थालेको अभियानमा देश तथा विदेशका विभिन्न ठाउँबाट सहयोग जुटेको छ ।" सङ्कलन भएको रकम पीडितलाई हस्तान्तरण गरिएको छ । अहिले पनि रकम सङ्कलन हुने क्रम जारी छ । गत जेठ १७ गतेदेखि रकम सङ्कलन अभियान थालिएको हो । मिर्गौला पीडित जमुनाको उपचार पोखरामा भइरहेको छ ।

# ढुसीको प्रकोप पीडित पर्वतका किसानलाई नि:शुल्क विषादी वितरण

रासस
पर्वत, २७ साउन

ढुसीजन्य रोगको प्रकोपबाट पीडित बनेका यहाँका किसानलाई निःशुल्क औषधि वितरण गरिएको छ ।

यहाँका किसानले लगाएको धानबालीमा ढुसीजन्य रोगले नष्ट गर्न थालेपछि रोकथाम गर्न निःशुल्क विषादी वितरण गरिएको हो । धान रोपको महिना दिनपछि धानका जरा कुहिने (फुट रुट) र पात पहेँलिने (सेट ब्लाइट)को प्रकोप फैलिएपछि किसानहरू पीडित बनेका थिए ।

गाँज राख्ने बेलाका धानबालीमा प्रकोप फैलिएर खेत नै खाली हुन थालेपछि नमूना सङ्कलन गरी क्षेत्रीय बाली विज्ञान प्रयोगशालामा पठाइएकामा जरा कुहिने र डढुवा रोग लागेको पुष्टि भएको थियो । यो ढुसीजन्य रोगका कारण फैलिएको प्रकोप भएको पुष्टि भएपछि किसानलाई तत्काल नियन्त्रणका लागि आवश्यक मात्रामा औषधि वितरण गरिएको फलेवास नगरपालिकाका कृषि शाखाका प्रमुख केदार सापकोटाले जानकारी दिनुभयो । फलेवासको कृषि शाखा, कृषि ज्ञान केन्द्रबाट र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन एकाइबाट पर्याप्त मात्रामा औषधि र औषधि छर्नका लागि आवश्यक यन्त्र उपकरण तथा तालिम प्रदान गरिएको हो । किसानलाई तत्कालका लागि बेभिष्टिन, भेलिडामाइसिन, बम्पर बोनस जस्ता विषादी वितरण गरिएको थियो । प्रयोगशालाबाट आएको रिपोर्टका आधारमा जिल्लाका सबै किसानलाई विषादी सिफारिस गरिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सोविता सुवेदीले जानकारी दिनुभयो । विषादीको प्रयोगसँगै कृषकलाई विषादी हालेपछि अपनाउनुपर्ने अन्य उपायका बारेमा समेत अभिमूखीकरण गरिएको छ । कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सोविता सुवेदीले बीउको उपचार नगरीकन लगाइएका कारण धानबालीमा ढुसी रोग फैलिएको बताउनुभयो । धानले गाँज राख्ने बेलामा रोग फैलिएकाले तत्काल उपचार गर्नका लागि विषादी वितरण गरिएको छ ।

अब किसानले विषादीसँगै बाली जोगाउनका लागि रोगी बोट तत्कालै हटाउने, साँझ ४ बजेपछि विषादी छर्किनुपर्ने, पानीको निकास दिनुपर्ने, नाइट्रोजनयुक्त मलको प्रयोग गर्न नहुने सुझाव दिएको बताउनुभयो । फलेवास वडा नं ९ भँगरामा मात्रै ९० रोपनी क्षेत्रफलमा गरिएको पोखरेली जेठो बुढो धानखेतीमा ढुसी र फट्याङ्ग्राले नष्ट गरेको स्थानीय किसान लोकप्रसाद काफ्लेले बताउनुभयो । ठूलो लगानी गरेर धानखेती गरे पनि समयमै रोग लागेर नष्ट गरिदिएको उहाँको गुनासो रहेको छ । विषादी प्रयोग गरेपछि रोगकीराको प्रकोप न्यूनीकरण हुँदै गएको उहाँको भनाइ छ । रैथाने जातका धान र खुमल-४ तथा जेठो बुढो धानलगायत ठाउँमा ढुसीको प्रकोप बढी देखिएको थियो । जिल्लाको झन्डै एक हजार रोपनीभन्दा बढी क्षेत्रफलमा लगाइएको धानबालीमा प्रकोपको समस्या देखिएको थियो । सबै ठाउँमा पर्याप्त विषादी वितरण गरिएकाले अब थप क्षति हुन जोगिनाका साथै धानबालीसमेत सप्रिँदै जाने अपेक्षा गरिएको नगर कृषि सञ्जाल फलेवासका संयोजक विनोद भुसालले बताउनुभयो ।

# झोलुङ्गे पुलले बढाए पर्यटक

रासस
बागलुङ, २७ साउन

झोलुङ्गे पुलको जिल्ला भनेर चिनिने बागलुङमा बर्सेनि नयाँ पुल थपिरहेका छन् । झोलुङ्गे पुलको सङ्ख्या थपिएसँगै पर्यटन आगमनसमेत बढ्दै गएको छ । जिल्लामा पछिल्लो दुई वर्षमा ४१ वटा झोलुङ्गे पुल निर्माण भएका छन् ।

आर्थिक वर्ष २०७९/८० मा २५ र २०८०/०८१ मा १६ वटा झोलुङ्गे निर्माण भएका हुन् । पुल बनेपछि जोखिम मोलेर यात्रा गर्ने हजारौँ नागरिकलाई सहज हुनुका साथै आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बनेको छ । बागलुङ र पर्वत जोड्ने गरी कालीगण्डकी नदीमाथि लामो झोलुङ्गे पुल बनेपछि दैनिक बागलुङ आउने पर्यटक बढेका छन् । विसं २०७७ देखि बागलुङ नगरपालिका-१ बाङ्गेचौरदेखि पर्वतको कुश्मा नगरपालिका-१ पाङ जोड्ने गरी निर्माण भएको पाँच सय ६७ मिटर लामो पुलले आन्तरिक मात्रै नभई बाह्य पर्यटक तान्न थालेको छ । 'सिंगल स्पान' मा निर्माण भएको यो पुल नेपालकै लामो भएको दाबी गरिँदै आइएको छ । गतवर्ष गत यसै वर्ष बागलुङ नगरपालिका-४ उपल्लाचौ गौरीधामदेखि पर्वतको जलजल गाउँपालिका-८ नाङ्लिबाङ ओडारे जोड्ने गरी ५२३ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको थियो । यी दुवै पुलका कारण पर्यटक बढेको जानकार बताउँछन् । जिल्लाको ग्रामीण क्षेत्रमा निर्माण भएका पुलले आन्तरिक पर्यटकलाई आकर्षित गर्ने गरेको छ । जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै बनेका दुई लामा झोलुङ्गे पुलले पहिले बागलुङ कालिका मन्दिरसम्म आएर फर्कने पर्यटकलाई बजारसम्म तान्ने गरेको छ । बजारसम्म मात्रै नभई यहाँका धार्मिक तथा पर्यटकीयस्थलसम्म पुर्‍याउन मद्दत पुर्‍याएको छ । पुल सञ्चालनमा आएपछि मुस्ताङको मुक्तिनाथ र म्याग्दीको गलेश्वर जाने पर्यटक पनि बागलुङमा आउन थालेको पर्यटन विकास समिति बागलुङका अध्यक्ष एवं बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । पुलले गर्दा पछिल्लो समय बागलुङमा ३० प्रतिशत पर्यटक आगमनमा वृद्धि भएको उहाँको भनाइ छ । "पुलले बागलुङको पहिचानलाई उचाँै बनाएको छ, बागलुङ नगरपालिकाले 'पहाड र पुलको नगर, सांस्कृतिक धरोहर' नारासहित पर्यटन प्रवर्द्धन सुरु गरेको छ", खड्काले भन्नुभयो, "पुलले टाढा-टाढा मानिसलाई पनि यसले जोड्ने काम गरेको छ ।" बागलुङको १० वटै स्थानीय तहमा दर्जन बढीको हारहारीमा झोलुङ्गे पुल छन् । एउटै पालिमा धेरै सङ्ख्यामा बनेका पुलले ग्रामीण क्षेत्रका नागरिकलाई वारपारमा सहज बनाई दिएको तमानखोला गाउँपालिका-२ का नरबहादुर विकले बताउनुभयो । यसैवर्ष तमानखोलाको भयरबोङ्गामा बनेको पुलले स्थानीयलाई वारपारमा सहज बनाउनुका साथै आन्तरिक पर्यटक आउन थालेको उहाँको भनाइ छ । यहाँ पुल बनेपछि गाउँलेको जीवनस्तर नै बदलिएको उहाँले सुनाउनुभयो ।

विकले भन्नुभयो, "यो पुल नहुँदा एक गाउँदेखि अर्को गाउँमा पुग्न झण्डै दुई घण्टा लाग्थ्यो, अहिले पाँच मिनेटमै पुगिन्छ, पुलले हाम्रो दैनिकी त बदली दियो नै बाहिरबाट मान्छेहरु घुम्न आउन थालेका छन्, घुम्न आएका मान्छेले गाउँमा उत्पादन भएका वस्तुहरु किनेर लैजाने गर्छन्, पुलसम्म आउने सडकलाई व्यवस्थित गरेर प्रचार गर्न सकियो भने धेरै पर्यटक यहाँ आउने देखिन्छ ।" बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङ बजार नजिकै दुई वर्ष अगाडि निर्माण भएको लामो झोलुङ्गे पुलमा पनि आन्तरिक पर्यटक सङ्ख्या बढिरहेको छ । पुलमा वारपार गर्ने स्थानीयभन्दा फोटो भिडियो खिच्ने र रमाउने सङ्ख्या धेरै हुने ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण) ले जानकारी दिनुभयो । तमानखोलामाथि बिसमर र घोँसाखानी गाउँलाई जोड्ने गरी निर्माण भएको यो पुल अहिले आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बनेको हो । पुलमा दैनिक दुई यस बढी आन्तरिक पर्यटकले वारपार गर्ने गरेका छन् ।

बुर्तिबाङ-बोङ्गादोभान सडकखण्डको माथि पट्टी निर्माण भएको पुलले पनि यात्रुलाई आकर्षित गर्ने उहाँले बताउनुभयो । पुल दुई सय ४३ मिटर लामो छ । पुल नबन्दा खोला वारपार गर्न करिब एक घण्टा लाग्ने गरेकामा अहिले तीन मिनेटमै आउजाउ गर्न सकिन्छ । पुल निर्माणपछि ढोरपाटन नगरपालिका-३ को पुर्कोट, घोँसाखानी, सामा, बिसमरलगायतका गाउँका हजारौँ नागरिकलाई सहज भएको छ ।


# कर्जा भुक्तानी गर्न आउने बारेको २१ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८१/०४/२८)**

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा, किस्ता व्याज रकम नबुझाई यस संस्थासंग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एंव व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो २१ (एककाइस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस संस्थामा सम्पर्क राखी आफूले तिर्न बुझाउन बाँकी रहेको साँवा, व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ ।

**तपसील**

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|---|
| १. **नाम : सिल कुमारी गुरुङ**<br>बाबुको नाम : जित बहादुर गुरुङ<br>बाजेको नाम : पुल्तीमान गुरुङ<br>ठेगाना : पो.म.न.पा.२७,कास्की<br>ना.प्र.नं. : २१७६, लमजुङ<br>जारी मिति : २०४५/०१/१७ |  | १. **नाम : मोहन गुरुङ**<br>बाबु : पेच बहादुर गुरुङ<br>बाजे : मोतीलाल गुरुङ<br>ठेगानाः पो.म.न.पा.२७, कास्की<br>ना.प्र.नं. : १०९४४३ कास्की<br>जारी मिति : २०५७/०७/०६ | सिल कुमारी गुरुङ नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा २७, अर्घौ स्थित कि.न. ३५४५ कुल क्षेत्रफल १३७/१० व. मी |
| २. **नाम : शिवजी सुनार**<br>बाबुको नामः मन बहादुर सुनार<br>बाजेको नामः भुवन सिं सुनार<br>ठेगानाः पो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: ४६१०१४/१२२६, कास्की<br>जारी मिति : २०६९/०१/२७ |  | १. **नामः मन बहादुर सुनार**<br>बाबुः भुवन सिं सुनार<br>बाजेः जर सिं सुनार<br>ठेगानाः पो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: २७९, कास्की<br>जारी मितिः २०४५/१०/२७<br>२. **नाम भोज बहादुर सुनार**<br>बाबुः भुवन सिं सुनार<br>बाजेः जर सिं सुनार<br>ठेगानाःपो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: २२८९, कास्की<br>जारी मितिः २०४८/१२/२१ | शिवजी सुनार नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा १६, अर्मला स्थित कि.न. १४०१ र १४०२ कुल क्षेत्रफल ३६५६/५५, र १०१७/४८ व.मी. |

**नोट**: यस संस्थाबाट कर्जा लिई कर्जाको किस्ता ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधारमानी भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ ।

**विस्तृत जानकारीको लागि**

**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**